राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Volume 19, Issue 5 No. 125 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Mangsir 2076 (December-2019)

## देशव्यापी फोरजी विस्तार अभियानमा नेपाल टेलिकम

# ५० जिल्लाका ५१६ स्थानमा फोरजी सेवा उपलब्ध




नेपाल टेलिकमले नेपालभरका विभिन्न शहरहरुमा फोरजी सिम वितरण, परिवर्तन र स्तरोन्नति गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिरहेको छ । जस अन्तर्गत पहिलो चरणको सो अभियान गत मंसिर ४ गते पोखराको अमरसिंह मैदानमा सम्पन्न भयो । सो अभियान गत कार्तिक २० गते विर्तामोडबाट प्रारम्भ भएको थियो ।

यस अभियानमा अपार जनसहभागिताका साथ माग बमोजिम फोरजी सिम वितरण गरिनुका साथै टुजी/थ्रीजीबाट फोरजीमा स्तरोन्नति पनि गरिएको छ । कम्पनीले पूर्वको विर्तामोडदेखि पश्चिमको महेन्द्रनगरसम्म सातै प्रदेशका विभिन्न प्रमुख शहरहरुमा सहुलियतमा फोरजी सिम वितरण, परिवर्तन र स्तरोन्नति गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरेको हो ।



कम्पनीका प्रमुख व्यावसायिक अधिकृत गोकर्णप्रसाद सिटौला कार्यक्रम समापनको अवसरमा कलाकारहरुलाई मायाको चिनो प्रदान गर्नु हुँदै ।

पोखरामा आयोजित समापन कार्यक्रममा कम्पनीका प्रमुख व्यावसायिक अधिकृत गोकर्णप्रसाद सिटौलाले विभिन्न कलाकारहरुलाई सम्मान गर्नुभएको थियो । यस कार्यक्रम अन्तर्गत कात्तिक २० गते विर्तामोड, २२ गते वीरगञ्ज, २४ गते भरतपुर, २६ गते नेपालगञ्ज, २८ गते सुर्खेत र ३० गते महेन्द्रनगरमा सिम वितरण साथै फोरजी सेवाको प्रचारप्रसार तथा व्यापार प्रवर्द्धन कार्य उत्साहजनक रुपमा सम्पन्न गरिएको हो । पहिले टुजी वा थ्रीजी सिम भएका कम्पनीका ग्राहकहरुलाई फोरजी सेवामा स्तरोन्नति गर्दा २ सय एमबी डाटा बोनससहित फोरजी सिम निःशुल्क उपलब्ध गराइएको छ ।

फोरजी सेवा सुचारु गर्न ग्राहकले आफ्नो मोबाइलबाट *444# डायल गर्नु पर्नेछ । साथै फोरजी सेवा सुचारु गर्न सिम परिवर्तन गर्नुपर्ने भएमा सोही बमोजिम ग्राहकलाई अलर्ट म्यासेज आउँछ ।

(बाँकी २ पेजमा)

## अप्टिकल फाइबर बिछ्याउने कार्य तीव्र गतिमा

मुलुकभर चाहेजति गति र परिमाणमा डाटाहरु पठाउन र यसको प्रयोगमा व्यापकता ल्याउनका लागि उपयोगी हुने अप्टिकल फाइबर बिछ्याउने योजना निर्धारित लक्ष्य बमोजिम अघि बढिरहेको छ । कात्तिक महिनामा सम्पन्न गर्ने भनी तोकिएका अधिकांश कामहरु सम्पन्न भएका छन् । प्याकेज २ र ३ अन्तर्गत कात्तिक महिनामा प्रदेश २ र ३ मा करिब ६० किलोमिटर अप्टिकल फाइबर बिछ्याउने योजना रहेकोमा सो पूरा गरिएको छ ।

प्याकेज ४ को कात्तिकसम्मको लक्ष्य डीडब्ल्युडीएम उपकरण जडान शुरु गरिने भनी तोकिएकोमा सुन्धारा र पाटन २ स्थानमा जडान सम्पन्न भई अन्यत्र पनि यो कार्य शुरु गर्न लागिएको छ । प्याकेज ५ मा कोर राउटर जडान शुरु गरिने र प्याकेज १ अन्तर्गत १० किमी फाइबर बिछ्याउने लक्ष्य रहेकोमा दुवै काम अन्तिम चरणमा पुगेका छन् । नेपाल टेलिकमले मध्य पहाडी लोकमार्ग अन्तर्गत पाँचथरको चियोभञ्ज्याङदेखि धादिङ र गोरखाको सीमाना आरुघाटसम्म अप्टिकल फाइबर बिछ्याउने कार्य गरिरहेको छ ।

## वेबसाइटबाटै टेलिफोन नम्बर थाहा पाउन सकिने

नेपाल टेलिकमको वेबसाइटबाटै अब आवश्यकता बमोजिम कुनै पनि व्यक्ति तथा संस्थाको टेलिफोन नम्बर थाहा पाउन सकिने भएको छ । थाहा नभएका तर सम्पर्क गर्नुपर्ने टेलिफोन नम्बरहरु पत्ता लगाउन हालसम्म १९७ मा फोन गरेर सोध्नु पर्ने व्यवस्था रहेकोमा अब कम्पनीको वेबसाइटबाट पनि हेर्न मिल्ने गरी सुविधा उपलब्ध गराइएको हो ।

नेपाल टेलिकमको वेब पेजमार्फत यस प्रकारको पीएसटीएन सोधपुछ प्रणाली (PSTN Inquiry System) सञ्चालनमा ल्याइएको हो । यसका लागि कम्पनीको वेबसाइट https://www.ntc.net.np/pstn मा लगअन गर्नुपर्छ । त्यसपछि त्यहाँ दिइएको Telephone Inquiry मा आफूलाई चाहिएको व्यक्ति वा संस्थाको नम्बर खोज्न सकिन्छ । व्यक्तिगत ग्राहक (Individual Customer) को हकमा नामका साथै ठेगाना र जिल्ला लेखेर नम्बर पत्ता लगाउन सकिन्छ । त्यसैगरी संस्थागत ग्राहक (Corporate Customer) को हकमा कम्पनीको नाम, ठेगाना र जिल्लाअनुसार टेलिफोन नम्बर प्राप्त गर्न सकिन्छ ।

विगतमा पनि PSTN टेलिफोन नम्बर सर्च गर्नका लागि कम्पनीको मुख्य वेब पेजमार्फत वेबमा आधारित इन्क्वायरी सिष्टम (Web Based Inquiry System) सञ्चालनमा रहेको थियो । हाल सोही सेवालाई पुनः सञ्चालनमा ल्याइएको हो । कम्पनीका डाटा प्रयोगकर्ताहरुको संख्यामा उल्लेख्य वृद्धि भएको कारणले गर्दा पनि ग्राहकहरुलाई वैकल्पिक माध्यमबाट बिना झन्झट जुनसुकै बेला सेवा उपलब्ध गराउन यो व्यवस्था गरिएको हो ।

(१ पेजको बाँकी)

# ५० जिल्लाका ...




यस विशेष अभियानमा ग्राहकहरुले नेपाल सरकारले जारी गरेका परिचयपत्र, नागरिकता वा मतदाता परिचयपत्र, राहदानी वा सवारी चालक अनुमतिपत्रको फोटोकपी र एकप्रति फोटो पेश गरी सिमकार्ड प्राप्त गर्न सक्नेछन् । गृष्मा ब्रोडकास्टिङले सातै प्रदेशका प्रमुख शहरहरुमा प्रतिष्ठित कलाकारहरुको साथमा गरिरहेको सांगीतिक कार्यक्रम सप्तरङ्ग २ मार्फत पनि टेलिकमको फोरजी सेवाको प्रचार–प्रसार तथा व्यापार प्रवर्द्धन गरेको छ । सांगीतिक कार्यक्रमको प्रमुख आकर्षण महानायक राजेश हमाल रहेका थिए भने साथमा कलाकार जितु नेपाल र गायक सुगम पोखरेल, हिमाल सागर, मेलिना राई, प्रकाश सपुत, रवि ओडलगायतका चर्चित कलाकारहरुले आ-आफ्ना कला प्रस्तुत गरेका थिए ।

यस प्रकारका अभियान तथा कार्यक्रमहरु देशका अन्य भागमा पनि निरन्तर गर्दै जाने कम्पनीको लक्ष्य रहेको छ । कम्पनीले नवीनतम् प्रविधि सहितको फोरजी सेवाको गत असोज १५ गते देशभर सातै प्रदेशमा एकैसाथ सेवा प्रवाहको शुभारम्भ गरे पश्चात् ग्राहकहरु माझ फोरजी सेवाको लोकप्रियता बढ्दै गइरहेको छ ।

## विद्यालयलाई कम्प्युटर प्रदान



नेपाल टेलिकमले पर्वतको फलेवास नगरपालिका वडा नम्बर ३ पोखराचौरस्थित श्री राम मावितलाई चार थान कम्प्युटर हस्तान्तरण गरेको छ । गत कात्तिक ५ गते विद्यालयको ४०औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसर पारेर कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्प्युटर प्रदान गरिएको हो ।

फलेवास नगरपालिकाका प्रमुख पदमपाणि शर्माको समुपस्थितिमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुराम विश्वकर्मालाई दूरसञ्चार कार्यालय पर्वतका कार्यालय प्रमुख मोहन सुवेदीले कम्प्युटरहरु हस्तान्तरण गर्नुभयो ।

सो अवसरमा नगरपालिका प्रमुख शर्माले कम्पनीले देशका सबै स्थानमा सेवा पुऱ्याउनुका साथै अन्य सामाजिक कार्यमा समेत संलग्न भएकोमा खुशी व्यक्त गर्नुभयो ।

कार्यालय प्रमुख मोहन सुवेदीले प्रविधिमैत्री शिक्षाका लागि थप टेवा पुगोस् भन्ने उद्देश्य अनुरुप विद्यालयलाई कम्प्युटर प्रदान गरिएको कुरा व्यक्त गर्नुभयो । विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद भुसालले कम्प्युटर प्रदान गरेकोमा नेपाल टेलिकमप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा थप सहयोगको अपेक्षा गर्नुभयो ।

नेपाल टेलिकमले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस अन्तर्गत सूचना प्रविधि क्षेत्रमा समेत टेवा पुग्ने गरी पठनपाठनमा सहजताका लागि सामुदायिक विद्यालयहरुलाई कम्प्युटर प्रदान गर्दै आएको छ । कम्पनीले यो वर्ष १५ थान कम्प्युटर वितरण गर्ने कार्यक्रम रहेकोमा डोटीको केदार ज्योतीपुञ्ज बहुमुखी क्याम्पसलाई ५ थान र दुर्गा माध्यमिक विद्यालयलाई २ थान तथा कपिलवस्तुको बाल माध्यमिक विद्यालयलाई ४ थान कम्प्युटर वितरण गरिसकेको छ ।

## रिचार्ज कार्डको पिन नम्बर मेटिए पनि काम लाग्ने

अब नेपाल टेलिकमका रिचार्ज कार्डमा अधिकांश नम्बर मेटिएर कमसेकम ६ वटा नम्बर मात्र देखिएका छन् भने पनि रिचार्ज गर्न सकिने भएको छ । यसका लागि ग्राहकले पहिलो चरणमा कम्पनीको वेबसाइटबाट आफैं नै रिचार्ज गर्न सक्नेछन् ।

कार्डको नम्बर प्रष्ट नभएमा वा कोरिएमा ग्राहकले नम्बर बिग्रिएको रिचार्ज कार्डको सिरियल नम्बर, रिचार्ज कार्डमा देखिने पिन नम्बर र रिचार्ज गर्नुपर्ने मोबाइल नम्बर उपलब्ध गराउनु पर्छ । रिचार्ज कार्डमा भएका १६ अंकका पिन नम्बर मध्ये कमसेकम ६ वटा अंक देखिने हुनुपर्छ । यसरी देखिने पिन नम्बरलाई आफ्नै पोजिसनमा राख्नु पर्छ र मेटिएको अंकमा '×' राख्नुपर्छ । जस्तो कि पिन नम्बरको फर्म्याट १२३४५६७८९०१२३४५६ छ र बीच बीचका पिन नम्बर मेटिएको वा नबुझिने छ भने त्यही अनुसार १××४५×७८××१२××५× फर्म्याटमा राख्नु पर्छ । यसरी रिचार्ज गर्दा पनि गलत भयो भने बढीमा १० पटकसम्म प्रयास गर्न सकिन्छ । यो भन्दा बढी पटक गलत तरिकाले रिचार्ज गर्न खोजियो भने वेबसाइटबाट गर्न सकिँदैन र रिचार्ज कार्ड साट्नका लागि कम्पनीको काउन्टरमै जानुपर्ने हुन्छ ।

हाल यस प्रकारका कार्ड साट्नका लागि कम्पनीको काउन्टरमै पुग्नु पर्ने अवस्था छ । काउन्टरमा गएपछि यसको जाँच गरेर सोही मूल्यको नयाँ रिचार्ज कार्ड दिने व्यवस्था छ । वेबसाइटबाटै ग्राहकले आफैं नै रिचार्ज गर्ने व्यवस्थाले सेवाग्राहीलाई निकै नै सहज हुने अपेक्षा गरिएको छ ।

भविष्यमा कम्पनीको एप 'नेपाल टेलिकम' र सर्ट कोडमार्फत एसएमएस पठाएर समेत रिचार्ज कार्ड साट्न सकिने व्यवस्था गर्ने कम्पनीको योजना छ ।



मुस्ताङको लोमान्थाङस्थित नेपाल टेलिकमको टावर
तस्बिर सौजन्य : अमृत नेपाल

# विदेश जादै हुनुहुन्छ ? यसरी प्रयोग गर्न सकिन्छ नेपाल टेलिकमको सिम

छोटो समयका लागि विदेश जानेहरुका लागि नेपाल टेलिकमकै मोबाइल प्रयोग गर्नका लागि विभिन्न विकल्प उपलब्ध छन् । पहिले यसरी विदेशमा जाँदा कम्पनीको सिम प्रयोग गर्नका लागि केही कठिनाई भए तापनि हाल यसलाई निकै नै सहज बनाइएको छ । नेपाल टेलिकमका जीएसएम प्रिपेड वा पोष्टपेड दुवै प्रयोगकर्ताले यसबाट भरपुर फाइदा लिन सक्नेछन् । यसरी प्रयोग गर्दा महसुल दर पनि तुलनात्मक रुपमा सस्तो छ ।

विदेश जाँदा प्रयोग गरिने सबैभन्दा प्रचलित र पहिलेदेखि नै प्रयोगमा आएको सुविधा रोमिङ सेवा हो । यो सुविधा पहिले जीएसएम पोष्टपेड मोबाइलमा मात्र भएकोमा हाल प्रिपेडमा समेत प्रयोग गर्न सकिन्छ । पोष्टपेड मोबाइलमा रोमिङ सुविधा लिनका लागि आफ्नो एकाउन्टमा राखिने धरौटीलाई पनि घटाएर हाल १० हजार रुपैयाँ मात्र कायम गरिएको छ भने प्रिपेडमा आफ्नै मोबाइलबाट रोमिङ सेवा निःशुल्क सुचारु गर्न सकिन्छ । यी बाहेक इजिफोन प्रयोग गरेर पनि विदेशबाट कल गर्न सकिन्छ ।

**अन्तर्राष्ट्रिय (भ्वाइस) रोमिङ सेवा**

रोमिङ सुविधा लिएपछि नेपाल टेलिकमका जीएसएम मोबाइल प्रयोगकर्ताले विभिन्न देशमा गएको समयमा आफ्नै मोबाइलबाट नेपाल तथा अन्य देशहरुमा कल गर्न, नेपाल वा अन्य देशबाट आएको कल उठाउन र एसएमएस पठाउन तथा प्राप्त गर्न सक्नेछन् । त्यसैगरी सोही मोबाइलबाट स्थानीय मोबाइल अपरेटरका नम्बरमा समेत कुरा गर्न र सन्देश आदानप्रदान गर्न सकिने छ ।

नेपाल टेलिकमले विगत लामो समयदेखि आफ्ना पोस्टपेड ग्राहकहरुलाई लक्षित गरी ८७ मुलुकका १ सय ९२ भन्दा बढी दूरसञ्चार सेवा प्रदायक कम्पनीहरुसँगको सहकार्यमा अन्तर्राष्ट्रिय रोमिङ सेवा उपलब्ध गराइरहेको छ । नेपाल टेलिकम र ती देशका मोबाइल अपरेटरहरुका बीचमा भएको सम्झौता अनुसार यो सुविधा उपयोग गर्न सकिन्छ । पोष्टपेड ग्राहकहरुले यो सुविधा लिन नेपाल टेलिकमको ग्राहक सेवा केन्द्रमा उपलब्ध फारम भरेर १० हजार रुपैयाँ धरौटी राख्नु पर्छ ।

जीएसएम प्रिपेड मोबाइल प्रयोगकर्ताले भने यो सुविधा भारत र चीनमा मात्र उपयोग गर्न सक्छन् । नेपाल टेलिकमले गत बैशाख १६ देखि प्रारम्भिक चरणमा भारत र चीनमा जाने प्रयोगकर्ताका लागि प्रिपेड मोबाइलमा समेत रोमिङ सुविधा उपलब्ध गराएको हो । प्रिपेड मोबाइलमा उपलब्ध यो सेवा प्रयोग गर्न भने थप धरौटी राख्नु पर्दैन, ग्राहक आफैले आफ्नो मोबाइलबाट सेवा सुचारु गर्न सकिन्छ र आफ्नो मोबाइलमा भइरहेको ब्यालेन्सबाट सेवा प्रयोग गर्न सकिन्छ ।

यो सुविधा लिएपछि नेपाल टेलिकमका जीएसएम प्रिपेड मोबाइल प्रयोगकर्ताले चीन वा भारत गएको समयमा आफ्नै मोबाइलबाट नेपालमा कल गर्न, नेपाल वा अन्य देशबाट आएको कल उठाउन, एसएमएस पठाउन तथा प्राप्त गर्न र डाटा चलाउन सक्नेछन् । त्यसैगरी सोही मोबाइलबाट चीन वा भारतका स्थानीय मोबाइल अपरेटरका नम्बरमा समेत कुरा गर्न र सन्देश आदानप्रदान गर्न सकिने छ ।

प्रिपेड मोबाइलमा अन्तर्राष्ट्रिय रोमिङ सेवा लिनका लागि *1415# डायल गर्नुपर्छ । कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि निःशुल्क रुपमा यो सुविधा लिन तथा यसको बारेमा जानकारी लिन सकिन्छ । यो सेवा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको वेबसाइट https://www.ntc.net.np/pages/view/roaming हेर्न सकिने छ ।

**अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा**

छिमेकी मुलुक भारत र चीन सहित १४ देशहरुमा अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा अन्यन्त कम मूल्यमा पनि प्रयोग गर्न सकिन्छ । नेपाल टेलिकमका ग्राहकहरुले अन्तर्राष्ट्रिय रोमिङ सुविधा प्राप्त गरी ती देशहरुमा जाँदा भ्वाइस र एसएमएसका साथै इन्टरनेट सेवा पनि उपयोग गर्न सक्छन् । हाल यो सुविधा भारत, चीन, अष्ट्रेलिया, अमेरिका, क्यानडा, यूएई, कतार, युके, स्विट्जरल्यान्ड, मलेसिया, सिंगापुर, जापान, कोरिया र थाइल्यान्डमा प्रयोग गर्न सकिन्छ । साथै अन्य देशहरुमा पनि डाटा रोमिङ सेवा सामान्य दरमा उपलब्ध छ ।

अन्तर्राष्ट्रिय रोमिङ सेवा दर्ता गरेकै समयमा भ्वाइस, एसएमएस तथा इन्टरनेट सेवा उपलब्ध हुनेछ । हाल जीएसएम पोष्टपेड तथा प्रिपेड ग्राहकहरुका लागि उपलब्ध डाटा रोमिङ सेवा निकट भविष्यमै अन्य देशहरुमा पनि विस्तार गर्दै लगिने

*(बाँकी ४ पेजमा)*

## विदेशमै रिचार्ज

नेपाल बाहेक अन्य देशहरुमा जादा आफ्नो मोबाइलमा विभिन्न तरिकाले रिचार्ज गर्न सकिन्छ । विदेशमा रोमिङ सुविधा प्रयोग गर्नका लागि आफ्नो मोबाइलमा रिचार्ज गर्नु पर्ने आवश्यकता हुन्छ ।

यो अवस्थामा नेपाल टेलिकमकै रिचार्ज कार्ड प्रयोग गर्न पनि सकिन्छ । रिचार्ज कार्ड पहिले आफै लिएर जान पनि सकिन्छ वा कुनै अन्य माध्यमद्वारा रिचार्जको पिन नम्बर प्राप्त गर्न सकिन्छ । पिन नम्बर भएमा विदेशमै पनि सामान्य तरिकाले USSD कोड प्रयोग गरी रिचार्ज गर्न सकिन्छ । यो अवस्थामा प्रिपेड मोबाइल भएमा *412*Pin Number# डायल गर्न सकिन्छ भने पोष्टपेडका लागि *412*Pin Number*10# प्रयोग गर्न सकिन्छ ।

त्यसैगरी हाल प्रचलित ई-सेवा, खल्ती आदि एपका साथै अनलाइन बैंकिङबाट रिचार्ज गर्न सकिन्छ । यी बाहेक विदेशमा भएको समयमा नेपालमा भएका आफन्तहरुमार्फत सहज तरिकाले विभिन्न माध्यमबाट रिचार्ज गर्न पनि सकिन्छ ।




**यसरी प्रयोग गरौ Missed Call Alert सेवा**

आफ्नो मोबाइल नम्बर व्यस्त भएको अवस्थामा, नेटवर्क नभएको अवस्थामा र स्वीच अफ भएको अवस्थामा कसैको कल आएमा थाहा पाउनका लागि Missed Call Alert सेवा प्रयोग गर्न सकिन्छ ।

जीएसएम पोष्टपेड तथा प्रिपेड मोबाइलमा यो सेवा उपलब्ध छ । यो सेवा शुभारम्भ गरे पश्चात् सेवाग्राहीको नम्बर व्यस्त भएको अवस्थामा, नेटवर्क नभएको र स्विच अफ भएको अवस्थामा कसैको कल आएमा पछि त्यसको बारेमा एसएमएस मार्फत नोटिफिकेसन आउनेछ ।

सेवा शुभारम्भ गर्नको लागि उपभोक्ताले sub mca लेखेर १४०० मा एसएमएस गर्ने वा *1400# डायल गर्नुपर्ने हुन्छ । यो सेवा प्रयोग गरे वापत मासिक रुपमा जम्मा ६ रुपैयाँ मात्र शुल्क लाग्छ ।

**घरैमा बसेर हेरौं नेपाल टेलिकमको टेलिफोन र मोबाइलको बिल**

घरैमा बसेर अनलाइन रुपमा पनि नेपाल टेलिकमका विभिन्न सेवाहरुको बिल हेर्न सकिन्छ । अनलाइन मार्फत पीएसटीएन टेलिफोन, जीएसएम मोबाइल वा सीडीएमएको संक्षिप्त बिल (Summary Bill) हेर्न सकिने व्यवस्था गरिएको छ ।

यसका लागि निम्न प्रक्रिया अपनाउनु हुन अनुरोध छ :

- ✓ नेपाल टेलिकमको वेबसाइट www.ntc.net.np मा जानुहोस् ।
- ✓ Right Side को केही तल रहेको Utility को Online Mobile Bill मा जानुहोस् ।
- ✓ नयाँ पेजमा Service Category र Bill चाहिएको महिना छान्नुहोस् ।
- ✓ आफ्नो PSTN Telephone Number अथवा Postpaid Mobile Number अथवा CDMA Postpaid Mobile Number राख्नुहोस् ।
- ✓ Enter PUK Number भन्ने Box मा Landline टेलिफोनको लागि Account Number, GSM/CDMA को लागि PUK Number राखी Search गर्नुहोस् ।
- ✓ र देखिएको Summary Bill को पहिलो पेज प्रिन्ट गर्नुहोस् ।

नोट : Landline टेलिफोनको Account Number को लागि बिल तिरेको रसिदमा रहेको Account Number प्रयोग गर्न सक्नुहुनेछ अथवा बिल प्रिन्ट काउन्टरमा सम्पर्क राख्न सक्नु हुनेछ । GSM/CDMA Postpaid को PUK Number को लागि सोही नम्बरबाट PUK टाइप गरी 1415 मा SMS पठाई प्राप्त गर्न सक्नुहुनेछ ।

त्यसैगरी नेपाल टेलिकम एप मोबाइलमा डाउनलोड गरेर त्यसबाट पनि विभिन्न सेवाको बिल हेर्न सकिन्छ ।

**यसरी प्रयोग गरौ MPoS**

Mobile Point of Sales लाई छोटकरीमा MPoS भनिन्छ । नेपाल टेलिकमको GSM Prepaid मोबाइलको Top Up (Recharge) तथा GSM Postpaid, PSTN टेलिफोन तथा ADSL सेवाको बिल भुक्तानी गर्नका लागि MPoS को प्रयोग गर्न सकिन्छ । MPoS Pinless Recharge प्रविधि हो । रिचार्ज कार्डको विकल्पका रुपमा आएको यो प्रणालीमार्फत रिचार्ज गर्दा रिचार्ज हुनुका साथै Validity Period समेत बढ्छ । हाल MPoS प्रणालीमार्फत ग्राहकलाई सेवा प्रदान गर्नका लागि विभिन्न स्थानमा Retailer हरु नियुक्त भएका छन् । ग्राहकले आफूले रिचार्ज वा बिल भुक्तानी गर्ने नम्बर उपलब्ध गराएर आवश्यक रकम तिरेमा सिधै रिचार्ज वा बिल भुक्तानी हुन्छ ।

**नेपाल टेलिकमको डाटा प्याक प्रयोग गर्ने तरिका**

आफ्नो मोबाइल फोनबाट *1415# डायल गरी हेर्दा विभिन्न डाटा प्याकेजको सूची नै देखाउछ । त्यसपछि आफूलाई चाहिएको डाटा प्याकको नम्बर छनौट गरी दिइएको निर्देशनअनुसार डाटा प्याक खरिद गर्न सकिन्छ । साथै 'नेपाल टेलिकम' एपमार्फत पनि उपलब्ध डाटा प्याकको बारेमा जानकारी लिन र सेवा खरिद गर्न सकिन्छ । सो 'एप' प्ले स्टोर र एप स्टोर दुवैमा उपलब्ध छ ।

(३ पेजको बाँकी)

## विदेश जादै हुनुहुन्छ ? ...

छ । यो सेवा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको वेबसाइट https://www.ntc.net.np/pages/view/intl-roaming-data हेर्न सकिनेछ ।

**भारतमा डाटा रोमिङ प्याक**

नेपाल टेलिकमले ०७६ कात्तिक ०१ देखि लागू हुनेगरी अन्तर्राष्ट्रिय रोमिङ सेवा लिई मित्रराष्ट्र भारत भ्रमणमा जाने कम्पनीका मोबाइल प्रयोगकर्ताका लागि 'डाटा रोमिङ प्याक' सञ्चालन गरेको छ । रोमिङ प्याक प्रयोग गरी डाटा चलाउनुका साथै त्यही डाटा प्रयोग गरी कल गर्न पनि सकिन्छ ।

डाटा रोमिङ प्याक दैनिक, साप्ताहिक र मासिक गरी तीन प्रकारका छन् । दैनिक प्याक अन्तर्गत २४ घण्टासम्म प्रयोग गर्न सकिनेगरी १ सय २५ रुपैयाँमा १०० एमबीको डाटा रोमिङ प्याक उपलब्ध गराइएको छ । यसैगरी साप्ताहिक प्याकमा ७ दिनसम्म प्रयोग गर्न सकिने गरी ५ सय ५५ रुपैयाँमा ५०० एमबी डाटा तथा मासिक प्याक अन्तर्गत २८ दिन प्रयोगमा ल्याउन सकिने गरी १ हजार १ सय २५ रुपैयाँमा १ जीबी डाटा उपलब्ध गराइएको छ ।

डाटा रोमिङ प्याक सुविधा उपभोग गर्नका लागि ग्राहकहरुले अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु गरेको हुनुपर्दछ । प्रिपेड ग्राहकहरुले आफ्नो मोबाइलबाट *1415# डायल गरी वा Nepal Telecom मोबाइल एप मार्फत अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु गर्न सकिन्छ । पोष्टपेड मोबाइल ग्राहकहरुले यो सेवा हालका लागि ग्राहक सेवा केन्द्रबाट सुचारु गर्नु पर्नेछ । खरिद गरेकै समयदेखि उपरोक्त प्याकको मान्यता अवधि गणना हुने भएकाले ग्राहकहरुको सहजताका लागि अन्तर्राष्ट्रिय रोमिङ सेवा लिएर भारत पुगी त्यहाँका स्थानीय नेटवर्कमा रजिष्टर्ड (Latch) भइसकेपछि मात्र रोजाइका प्याकहरु Nepal Telecom App मार्फत अथवा USSD Code *1415# डायल गरी खरिद गरेमा प्याकको पूर्ण सदुपयोग गर्न सकिने सम्भावना रहन्छ ।

उक्त प्याकहरु Nepal Telecom मोबाइल एप मार्फत अथवा *1415# डायल गरी International Service मेनुभित्र गई प्राप्त निर्देशन बमोजिम खरिद गरी प्रयोगमा ल्याउन सकिन्छ । साथै एसएमएस मार्फत पनि प्याकहरु खरिद गर्न सकिन्छ । दैनिक, साप्ताहिक र मासिक प्याकहरु खरिद गर्न क्रमशः INDRM1D, INDRM7D र INDRM28D लेखी १४१५ मा एसएमएस पठाउनु पर्छ ।

हाल सञ्चालनमा ल्याइएको डाटा रोमिङ प्याक कम्पनीका पोष्टपेड र प्रिपेड दुवै मोबाइलमा प्रयोग गर्न सकिने छ । यो सेवा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको वेबसाइट https://www.ntc.net.np/pages/view/intl-roaming-data-pack हेर्न सकिनेछ ।

**इजिफोन**

विदेशमा भएको समयमा नेपालमा फोन गर्नका लागि इजिफोन सेवा निकै उपयोगी सिद्ध भएको छ । सामान्यतया विदेशबाट नेपालमा फोन गर्न महँगो पर्ने हुन्छ, तर इजिफोनको प्रयोग गरी सस्तो दरमा नेपालमा कुराकानी गर्न सकिन्छ । इजिफोनबाट नेपालभित्रै पनि फोन गर्न सकिन्छ ।

यसरी विदेशबाट कल गर्नका लागि कम्प्युटर वा मोबाइल फोन प्रयोग गर्न सकिन्छ । इजिफोन SIP (Session Initiation Protocol) मा आधारित Softphone हो । उक्त सेवा उपभोग गर्नका लागि हाल नेपाल टेलिकमको सुन्धारास्थित कार्यालयबाट Account Number / Password उपलब्ध गराइन्छ र त्यसपछि कम्प्युटर वा मोबाइल फोनमार्फत कल गर्न सकिन्छ ।

मोबाइल फोनमार्फत कल गर्न मोबाइलको प्लेस्टोर/एपस्टोरमा गई NT EasyPhone एप डाउनलोड गरी नेपाल टेलिकमले उपलब्ध गराएको ८ अंकको एकाउन्ट नम्बर (६०४०****) र पासवर्डमार्फत एकाउन्टमा रजिष्टर गरी इन्टरनेटको प्रयोग गरी सस्तो दरमा कल गर्न सकिन्छ ।

इजिफोनको प्रयोग गरेर कम्प्युटरमार्फत कल गर्नका लागि नेपाल टेलिकमको वेबसाइटमार्फत इजिफोन (Softphone) को Software Application डाउनलोड गरी आफ्नो कम्प्युटर वा ल्यापटपमा Install गर्नुपर्छ । उक्त Application Activate गर्नका लागि Software Application को साथमा रहेको Serial Key दिनुपर्छ । त्यसपछि इजिफोनको Icon कम्प्युटरको डेस्कटपमा देखिन्छ ।

उक्त Icon लाई Double Click गर्दा इजिफोनको Login Screen आउँछ । नेपाल टेलिकमले उपलब्ध गराएको इजिफोन सेवाको Account Number र Password राखी Login गरेपछि Dialler Screen आउँछ । त्यसपछि यसमार्फत फोन गर्न सकिन्छ । यो सेवा प्रयोग गर्न पनि सजिलो छ र Voice Quality पनि स्तरीय छ ।

यो सेवा लिनका लागि रु. ५०।- सहित दर्ता फाराम भरेर दूरसञ्चार कार्यालय सुन्धारामा बुझाउनु पर्छ । रु. ५०।- मध्ये रु.४४।१० Talk Value हुन्छ ।

त्यसपछि Account Number र Password सम्बन्धी जानकारी भएको कार्ड ग्राहकलाई उपलब्ध गराइन्छ । यो प्रिपेड सेवा भएकोले आफ्नो आवश्यकताअनुसार रिचार्ज गरेर इजिकलको निरन्तर प्रयोग गर्न सकिन्छ । नेपाल टेलिकमको रिचार्ज कार्डको प्रयोग गरी नेपाल टेलिकमको वेबसाइट (http://webrecharge.ntc.net.np/) वा IVR मार्फत १४१२ डायल गरी रिचार्ज गर्न सकिन्छ । यो सेवाबाट फोन गर्न Country Code, एरिया कोड र टेलिफोन नम्बर डायल गर्नुपर्छ ।

नेपाल टेलिकमको वेबसाइट अन्तर्गत https://www.ntc.net.np/pages/view/easy-phone-service मा यस सम्बन्धी विस्तृत जानकारी उपलब्ध छ । EasyPhone अन्तर्गत रहेको http://fin.ntc.net.np/tellin/ppt_usr_index.jsp मार्फत Balance Inquiry र रिचार्ज गर्न तथा Validity चेक गर्न पनि सकिन्छ ।

## नेपाल टेलिकम र नेपाल टेलिभिजनबीच सम्झौता



नेपाल टेलिकमको व्यवसाय प्रवर्द्धनका लागि सन्देशमूलक सामग्री प्रसारण गर्ने सम्बन्धमा नेपाल टेलिभिजनसँग सम्झौता सम्पन्न भएको छ । सम्झौता अनुसार नेपाल टेलिभिजन (NTV), NTV News र NTV Plus बाट समाचार तथा अन्य महत्वपूर्ण कार्यक्रम प्रसारण हुनु अघि तथा बीचमा नेपाल टेलिकमको व्यापार प्रवर्द्धन गर्ने किसिमका सन्देशमूलक सामग्रीहरु प्रसारण गरिने छ ।

गत कात्तिक ६ गते कम्पनीको केन्द्रीय कार्यालयमा भएको उक्त सम्झौतापत्रमा कम्पनीको तर्फबाट प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी तथा नेपाल टेलिभिजनको तर्फबाट कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टले हस्ताक्षर गर्नुभएको थियो ।

उक्त अवसरमा बोल्दै कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले राष्ट्रको सञ्चार नेपाल टेलिकम र राष्ट्रको टीभी नेपाल टेलिभिजनबीचको सहकार्यले आगामी दिनमा व्यावसायिकता र संस्थागत सामाजिक उत्तरदायित्वमार्फत जनतालाई कनेक्टिभिटीमा अगाडि बढाउन अझै सहयोग पुग्ने बताउनु भयो । उहाँले कम्पनीको सेवालाई आम ग्राहकबीच पुऱ्याउनका लागि नेपाल टेलिभिजन एक सशक्त माध्यम भएको र आगामी दिनमा थप सहकार्य गर्न सकिने बताउनु भयो ।

सो अवसरमा नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टले प्रविधिका कारण राम्रा अवसरको सिर्जना भएको र सो अवसरलाई मिलेर व्यवसाय अभिवृद्धिमा प्रयोग गर्न सकिने बताउनु भयो । उहाँले नेपाल टेलिभिजनले च्यानलहरु पनि बढाइरहेको र प्रसारण पहुँच पनि आगामी दिनमा अझै बढ्ने बताउदै नेपाल टेलिकमको व्यवसाय प्रवर्द्धनका लागि मिलेर कार्य गर्न सकिने बताउनु भयो ।

कम्पनी र नेपाल टेलिभिजनबीच सम्पन्न उक्त सम्झौता २०७६ श्रावण १ देखि एक वर्षसम्म लागू हुनेछ ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Krishna Prasad Bhandari**
Editor : **Umesh Dahal,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**